नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
भोजपुर

फोन ०२९-४२०१३३
फ्याक्स ०२९-४२०७३
Email:-daobhojpur1@gmail.com

प.सं. २०८२/०८३
च.नं.

मिति २०८२/०९/१५

(छाप: नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय भोजपुर)

## भोजपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीको प्रेस विज्ञप्ति

आदरणीय भोजपुरबासी दाजुभाई तथा दिदीबहिनीहरु,

भोजपुर जिल्लाको प्रमुख जिल्ला अधिकारीको रुपमा गत भाद्र २७ गतेदेखि यस जिल्लामा काम गर्ने अवसर प्राप्त भयो। करीब ४ महिना (अर्थात् ११० दिन) अवधिमै मेरो तनहुँ जिल्लाको प्रमुख जिल्ला अधिकारीको रुपमा सरुवा भएको छ। मेरो बसाईको छोटो अवधिमा जिल्लाको शान्ति सुव्यवस्था, सेवा प्रवाह, सुशासन, अपराध नियन्त्रण तथा रोकथाम, शासकीय व्यवस्थापन, विकास सहजीकरण लगायतका विषयमा केही कामहरु भएका छन्। केही निरन्तर गर्नुपर्ने प्रकृतिका छन्। यसै मध्येका केही कामलाई संक्षिप्तमा उल्लेख गर्न चाहन्छु।

१. जिल्लाको समग्र शान्ति सुव्यवस्था सामान्य अवस्थामा रहेको छ। गत Gen Z आन्दोलनको क्रममा भोजपुरका जनताको शान्तिप्रिय चालचलन, समन्वय, संस्कार र सहिष्णुता तथा जिल्लास्थित प्रशासन तथा सुरक्षा निकायको सक्रियता, राजनीतिक दल, निजी क्षेत्र तथा गैरसरकारी संस्था, पत्रकारहरुसँगको समन्वयबाट जिल्लामा मानवीय तथा भौतिक क्षति हुन नदिई समयमै सोको प्रभावकारी व्यवस्थापन गर्न सफल भएका छौं। यसका लागि यहाँहरु सबैलाई धन्यवाद तथा आभार प्रकट गर्न चाहान्छु।

२. गत आश्विन १८ देखि २० गतेसम्म भएको मनसुनी वर्षाको कारणले हुन सक्ने विपद्जन्य घटनालाई कुशलतापूर्वक सामना गरिएको छ। जिल्लास्थित सुरक्षा निकायहरु, स्थानीय तहहरु, सडक डिभिजन कार्यालय, गैरसरकारी संस्थाहरु, जिल्लास्थित पत्रकारज्यूहरुले पुऱ्याउनु भएको सहयोग तथा समन्वयको सम्मान गर्दछु।

३. नेपाल सरकार, गृह मन्त्रालयले गरेको जिल्लाहरुको कार्यसम्पादन मूल्यांकनमा गत आ.ब. २०८१/०८२ को अन्त्यमा जिल्ला प्रशासन कार्यालय, भोजपुरको स्थान ७७ वटा जिल्लाहरुमा ५३ औं स्थानमा रहेकोमा चालु आ.ब. २०८२/०८३ को प्रथम त्रैमासिक अवधिको मूल्यांकनमा ७७ जिल्लाहरु मध्ये १६ औं स्थानमा, ख बर्गका जिल्ला प्रशासन कार्यालयहरु (३५) मध्ये १२ औं स्थानमा, कोशी प्रदेशका १४ जिल्ला प्रशासन कार्यालयहरु

प्रमुख जिल्ला अधिकारी

मध्ये चौथो स्थानमा पर्न सफल भएको छ। दोस्रो त्रैमासिक अवधिमा तोकिएका कार्यसम्पादन सूचकहरुमा अझै बढी र गुणस्तरीय काम भएको छ। अब हुने मूल्याङ्कनबाट प्राप्त हुने नतिजामा अझै थप सुधार हुने विश्वास गरेको छु।

४. स्थानीय वडाबाट नै अनलाईन प्रणाली मार्फत नागरिकता सिफारिस गर्ने काम अघिल्लो बर्षसम्म यस जिल्लाबाट सुरु हुन सकेन। यसै अवधिमा २०८२ कार्तिक २८ गते यस सम्बन्धी सबै वडाहरुमा तालिम दिई यो कार्य शुरुवात गरिएको छ। यस अवधिमा जिल्लाका ८१ वडाहरु मध्ये ४० वटा वडाबाटै Online Entry शुरुवात भएको छ। सेवा प्रवाह, सुशासन, समय र लागतको हिसावले सेवाग्राहीलाई ठूलो मद्दत पुऱ्याउने छ।

५. समग्र जिल्लाको कार्यसम्पादन अबस्थालाई विश्लेषण, अनुगमन गरी अझै बढोत्तरी गर्न कार्यालयहरुको कार्यसम्पादनका सूचकहरु तथा वडा कार्यालयहरुबाट नागरिकताको अनलाइन सिफारिस गर्ने कार्यलाई प्रणाली मार्फत Online Monitoring गर्ने कार्य सुरुवात भइसकेको छ। कार्यालय प्रमुखको बैठकको निर्णय कार्यान्वयन र विदेशी नागरिकको सूचना निगरानी गर्ने कार्यलाई Online Monitoring प्रणालीमा लैजाने आवश्यक प्रक्रिया शुरु भएको छ।

६. जिल्लास्तरमा राजस्व चुहावट नियन्त्रण तथा निगरानी बढाउन दुईपटक जिल्लास्तरीय राजस्व चुहावट नियन्त्रण समितिको बैठक सम्पन्न भएको छ। यसबाट चुहावट नियन्त्रणका लागि केही महत्वपूर्ण निर्णयहरु भएका छन्। चुहावट नियन्त्रणका कामहरु निरन्तर अघि बढ्ने विश्वास लिएको छु।

७. जिल्लास्थित उद्योगी, व्यवसायी/लगानीकर्ता (निजी क्षेत्र)को मनोबल र विश्वास बढाउन जिल्लास्तरीय व्यवसाय/लगानी सुरक्षा, समन्वय र सहजीकरण समिति गठन भएको छ। निजी क्षेत्र तथा व्यवसायसँग सम्बन्धित सुरक्षा, समन्वय तथा सहजीकरणका कार्यहरु यस समिति मार्फत हुनेछन् भन्ने विश्वास लिएको छु।

८. जिल्लास्थित कार्यालयहरुले गरेका कामहरु जनताको सेवा प्रवाह, विकास निर्माण, शान्ति सुव्यवस्था आदिसँग सम्बन्धित भएकाले सकेसम्म मिडिया मार्फत प्रचारप्रसार गरी लक्षित समुदायसम्म पुऱ्याउने विषयमा कार्यालय प्रमुखको बैठकबाट निर्णय भएको छ। यसबाट सुशासन र पारदर्शिताका लागि महत्त्वपूर्ण भूमिका निर्वाह हुनेछ। यस कामले निरन्तरता पाउनेछ भन्ने विश्वास लिएको छु।

९. कार्यालय प्रमुखको बैठकबाट निर्णय भई विपद् व्यवस्थापनसँग सम्बन्धित जिल्ला स्तरीय डढेलो तथा आगलागी नियन्त्रण रणनीति, आत्महत्या न्यूनीकरण गर्ने सम्बन्धी जिल्लास्तरीय रणनीति निर्माणको क्रममा रहेको छ। यसलाई स्वीकृत गरी रणनीति अनुसार क्रियाकलापहरु अघि बढ्नेछन् भन्ने विश्वास लिएको छु।

प्रमुख जिल्ला अधिकारी

१०. आगामी फाल्गुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनको तयारीका लागि जिल्लास्तरीय एकिकृत सुरक्षा रणनीति निर्माण, मतदान केन्द्र निर्धारण तथा अनुगमन र मतदाता नामावली प्रकाशन गर्ने लगायतका कार्य सम्पन्न भएको छ । निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सबै सरोकारवालाहरुको सहयोग रहनेछ भन्ने विश्वास व्यक्त गर्दछु।

यस अवधिमा माथि उल्लेखित विषयहरुको अतिरिक्त अन्य धेरै कामहरु भएका छन् । समग्र कार्यहरु निरन्तर रुपमा अगाडि बढ्ने नै छन् ।

जिल्लाको शान्ति तथा सुव्यवस्था, सुशासन तथा सेवा प्रवाह, विकास निर्माणमा सहजीकरण, अपराध नियन्त्रण, अन्तर जिल्ला सुरक्षा तथा विकास समन्वय लगायतका कार्यमा मलाई साथ तथा हौसला प्रदान गर्नुहुने यस जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने माननीयज्यूहरु, भोजपुर जिल्लाका माननीय न्यायाधीशज्यू, जिल्लास्थित राजनीतिक दलका नेतृत्वगण, जिल्ला सुरक्षा समितिका प्रमुखहरु तथा मातहतका सम्पूर्ण सुरक्षा कर्मचारीहरु, जिल्लास्थित कार्यालय प्रमुखहरु तथा सम्पूर्ण कर्मचारीहरु, कर्मचारी मिलन केन्द्र परिवार, जिल्लास्थित सम्पूर्ण स्थानिय तहका प्रमुख/उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, वडा अध्यक्ष तथा सदस्यज्यूहरु, जिल्लास्थित उद्योग वाणिज्य संघ, नेपाल पत्रकार महासंघ अन्तर्गतका सम्पूर्ण पत्रकार ज्यूहरु, जिल्लास्थित नागरिक समाज, गैर सरकारी संस्थाहरु, जिल्ला प्रशासन कार्यालय भोजपुर परिवार तथा समग्र न्यायप्रेमी, समन्वयकारी, सहिष्णु तथा शान्तिप्रेमी भोजपुरका आम जनतामा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

अन्तर जिल्ला सरुवा भएपनि सुन्दर भोजपुरको न्यानो सम्झना सधैं रहिरहने छ । जहाँ भए पनि भोजपुरको विकास र समृद्धि तथा समन्वय र सहजीकरणका लागि सदैव साथ रहने प्रतिबद्धता व्यक्त गर्दछु ।

२०८२।६।१५

(शिवलाल तिवारी)
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर